## बैठक नं ३९

आज मिति २०८१ साल पुस महिनाको १२ गतेका दिन मुड्केचुला गाउँपालिकाका अध्यक्ष श्री दत्त बहादुर शाही ज्युको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसि देहाएका प्रस्ताबहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री दत्त बहादुर शाही | अध्यक्ष |
| श्री दुदा रोकाया | उपाध्यक्ष |
| श्री रेशम महतारा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री बाग बहादुर बुढा | १ नं वडाध्यक्ष |
| श्री जग बहादुर सार्की | २ नं वडाध्यक्ष |
| श्री विष्णु बुढा | ३ नं . वडाध्यक्ष |
| श्री कृति बुढा | ४ नं वडाध्यक्ष |
| श्री ईच्छा बहादुर शाही | ५ नं वडाध्यक्ष |
| श्री नरेन्द्र बहादुर शाही | ६ नं वडाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | ७ नं वडाध्यक्ष |
| श्री गोर्ख रोकाया | ८ नं वडाध्यक्ष |
| श्री दिलिप कुमार बुढा | ९ नं वडाध्यक्ष |
| श्री जलसरी बुढा | कार्यपालिका सदस्य |
| श्री लिला पुन सुनार | कार्यपालिका सदस्य |
| श्री मायादेबी बोहोरा | कार्यापालिका सदस्य |
| श्री मनकोईली शाही | कार्यपालिका सदस्य |
| श्री देब बहादुर परियार | कार्यपालिका सदस्य |
| श्री काली बहादुर बि.क. | कार्यपालिका सदस्य |

CamScanner

**प्रस्तावहरु :-**

१.कर्मचारीको पद स्थापना सम्बन्धमा,

२.भरतपुर महानगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा,

३.गाउँसभाको अधिवेशन तोक्ने सम्बन्धमा,

४. होर्त वाइन तथा शर्मि माइभगवति निर्माण योजना कार्यनयन सम्बन्धमा,

५.अस्थायी प्रहरी चौकीको केन्द्र सार्ने सम्बन्धमा,

६. एक गाउँ एक प्राविधिकको तलव सम्बन्धमा,

७ करार कर्मचारी म्याद थप सम्बन्धमा ।

८.राहत सम्बन्धमा ।

९. पुरानो जलविद्युत यन्त्र लिलाम गर्ने सम्बन्धमा ।

१०.थप चामल माग गर्ने सम्बन्धमा ।

निर्णयहरु-

१. प्रश्ताव नं १ मा छलफल गर्दा मुड्केचुला गाउँपालिका अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार श्री बारबर्दिया नगरपालिका, बर्दियाबाट यस गाउँपालिकामा काज सरुवामा आउनुभएको अ.स.ई. श्री धिरादेवी शाही, (क.स.न. २४०९०३) लाई यस गाउँपालिकाको पूर्वाधार विकास शाखामा पदस्थापन गर्ने निर्णय गरियो ।

२. प्रश्ताव नं २ मा छलफल गर्दा मुड्केचुला गाउँपालिका र भरतपुर महानगरपालिकाबीच तपशिल बमोजिम विषयहरुमा अन्तरपालिका समन्वय र सहयोग हुने गरि भगिनी सम्बन्ध कायम गर्न श्री भरतपुर महानगरपालिका, चितवन समक्ष सिफारिस गर्ने निर्णय गरियो । साथै उक्त भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धि निर्णयलाई अनुमोदनको लागि १६ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

- अन्तरपालिका सामाजिक तथा सांस्कृतिक आयामहरुको आदान-प्रदान,
- अन्तरपालिका पर्यटन प्रर्वद्धनमा सहकार्य
- स्थानीय महत्वका उत्पादन तथा स्रोतहरुको आदान-प्रदान,
- अन्तरपालिका स्तरीय पूर्वाधार विकासमा सहयोग तथा लगानी ।

CamScanner

३. प्रस्ताव नं २ मा छलफल गर्दा मुड्केचुला गाउँपालिको गाउँसभाको १६ औं अधिवेशन मिति २०८१/०९/१३ गते विहान ११ बजे श्री मालिका मा.वि. को सभाहलमा गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ३ मा छलफल गर्दा आ.व. २०८१/८२ मा यस गाउँपालिकामा विनियोजित होर्त वाइन तथा शर्मि माइ भगवति निर्माण योजना वडा नं ७ र ९ मा सयूक्तरुपमा भगवति मन्दिर निर्माण गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ४ मा छलफल गर्दा मुड्केचुला गाउँपालिका अन्तर्गत संचालन हुनेगरि अस्थायी प्रहरी चौकी, निलदह नाममा गृह मन्त्रालय अन्तर्गत अभिलेख रहेको प्रहरी चौकी हाल यस गाउँपालिकाको केन्द्र रहेको नर्कुमा स्थापना भई संचालनमा रहेकोले उक्त नाम संशोधनको लागि जिल्ला प्रहरी कार्यालय, दुनै समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ५ मा छलफल गर्दा संघीय शसर्त अनुदान कार्यक्रम तर्फ प्राप्त हुने एक गाउँ एक प्राविधिक कर्मचारीहरुको तलव अस आ.व.मा मिति २०८१ पुस मसान्तसम्म मात्र निकासा भएको हुदाँ आर्थिक स्रोतको अभावको कारण थप तलव गाउँपालिकाले व्यहोर्न नसक्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ६ मा छलफल गर्दा यस गाउँपालिका, स्वास्थ्य शाखा अन्तर्गत प्रदेश लोकसेवा आयोगबाट सम्बन्धित दरबन्दिमा स्थायी कर्मचारी सिफारिस भई नियूक्ति भएको हुदाँ स्वास्थ्य शाखाको सिफारिसमा तपशिल बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८१ पुस मसान्त पश्चात करार म्याद थप नगर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम | पद | कार्यरत | कैफियत |
|---|---|---|---|---|
| १ | सन्ध्या थापा | अनमी | कालिका स्वास्थ्य चौकी | |
| २ | राधिका ठकुल्ला | अनमी | कालिका स्वास्थ्य चौकी | |
| ३ | जानकी फडेरा | अहेव | कालिका स्वास्थ्य चौकी | |
| ४ | नारायण रोकाय | वैद्य | स्वास्थ्य शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सिर्जना शाही | अनमी | ईल स्वास्थ्य चौकी | |
| ६ | कमला शाही | अहेव | आधारभुत स्वा. के., नर्कु | |
| ७ | सुशिला बुढा | अनमी | शर्मी स्वास्थ्य चौकी | |
| ८ | भाविका शाही | अहेव | कालिका स्वास्थ्य चौकी | |

प्रश्ताव नं ६ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका दिर्घ रोगीहरुलाई तपशिल बमोजिम राहात सहयोग गर्ने निर्णय गरियो ।

क. लालीमान विक १५०००

ख. अमरजित रोकाय २००००

ग धनजित बुढा- २००००

७. प्रश्ताव न ८ मा छलफल गर्दा गस गापा को वडा नं १,२ र ३ मा संचालित कासिलखोला लघु जलविघुत आयोजनामा आ.व. २०७६ असार २३ गते बाढि पहिरो गई क्षति भएकोमा हाल पानिको मुहान सुकेको तथा हाल संचालन गर्न जोखिम भएकोले त्यहाँ रहेको यन्त्र तथा उपकरणहरु लिलाम गर्ने निर्णय गरियो ।

८. प्रश्ताव न ८ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत यस आ.व.मा चामलको अभाव देखिएकोले ४००० कुइन्टल थप चामल खाद्य व्यापार तथा कम्पनि लि. दुनै समक्ष माग गर्ने निर्णय गरियो ।

CamScanner